# कार्यालय प्रयोजनको लागि घरभाडामा लिने सम्बन्धी सूचना

हाल जावलाखेल, ललितपुर स्थित नेपाल धितोपत्र बोर्डलाई जावलाखेल, सातदोबाटो, सानेपा, कुपण्डोल, रामशाहपथ, थापाथली, बबरमहल, लाजिम्पाट, कालिकास्थान, डिल्लीबजार, कमलपोखरी, बालुवाटार, बानेश्वर, कमलादी, महाराजगन्ज, चावहिल वा आसपासको क्षेत्रमा कम्तिमा २० बटा चारपांग्रे (सवारी साधन) र ५० बटा मोटरसाइकल पार्किङ्ग गर्न मिल्ने एवं कम्तिमा ३०-४० बटा कोठा भएको वा करिब १०,००० वर्गफिट क्षेत्रफल भएको निर्माण सम्पन्न भई पार्टीशन गर्न मिल्ने घर कार्यालय प्रयोजनका लागि आवश्यक परेकोले ईच्छुक घरधनी व्यक्ति वा संस्थाले प्रस्तावित भाडादर (कर समेत), उपभोग योग्य क्षेत्रफल (कार्पेट एरिया), प्रस्तावित अवधि लगायतका विस्तृत बिवरण खुलाई व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र तथा संस्थाको हकमा दर्ता प्रमाणपत्र, हकभोगको प्रमाण, घरको नक्शा, नक्शा पास तथा निर्माण सम्पन्न प्रमाणपत्र, कर तथा तिरो तिरेको प्रमाणहरुको प्रमाणित प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र कार्यालय समयभित्र बोर्डमा सिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ । प्राप्त प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गर्ने तथा रितपूर्वक पर्न आएका प्रस्तावहरु मध्ये आंशिक वा पूरै क्षेत्रफल लिने वा नलिने सम्बन्धी अन्तिम अधिकार बोर्डमा निहित रहनेछ । अन्य थप जानकारीका लागि देहायको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**नेपाल धितोपत्र बोर्ड**

**प्रशासन शाखा, जावलाखेल, ललितपुर**

**फोन नं.** ५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११,

**इमेल:** **management@sebon.gov.np**